# सिलीचोङ गाउँपालिका

## ऊर्जा विकास (उत्पादन, वितरण र नियमन) ऐन, २०८३

सभाबाट पारित मिति : २०८३/०३/१०

प्रमाणीकरण मिति : २०८३/०३/१८

राजपत्रमा प्रकाशन मितिः २०८३/०३/२२

**स्थानीय ऊर्जा विकास, उत्पादन, वितरण र नियमन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको ऐन**

**प्रस्तावना** : संविधान र प्रचलित कानूनले गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने गरी तोकिएको क्षमताका जलविद्युत् तथा साना ऊर्जा आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण तथा वितरणका लागि अनुमतिपत्र जारी गर्ने कार्यलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउँदै सो सम्बन्धी प्रक्रिया, मापदण्ड र जिम्मेवारी स्पष्ट गर्न तथा यस्ता आयोजनाको सुव्यवस्थित विकास एवं सञ्चालन सुनिश्चितताका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सिलीचोङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सिलीचोङ गाउँपालिकाको ऊर्जा विकास (उत्पादन, वितरण र नियमन) ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन सिलीचोङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) **"अनुमतिपत्र"** भन्नाले यस ऐन बमोजिम गाउँपालिकाले जारी गरेको अनुमतिपत्रलाई सम्झनु पर्दछ ।

(ग) **"आधिकारिक व्यक्ति"** भन्नाले प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न सञ्चालक समितिले तोकेको आधिकारिक व्यक्ति सम्झनुपर्दछ ।

(घ) **"आयोजना"** भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी आयोजना सम्झनु पर्छ ।

(ङ) **"उत्पादक"** भन्नाले ऊर्जा उत्पादनका लागि स्वीकृति प्राप्त गर्ने व्यक्ति, समूह, कम्पनी वा ऊर्जा सहकारी संस्था सम्झनु पर्दछ ।

(च) **"कार्यपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) **"कार्यालय"** भन्नाले सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ र सो शब्दले वडा कार्यालयलाई समेत जनाउनेछ ।

(ज) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका सम्झनु पर्दछ ।

(झ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, कार्यविधि वा निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ । सो शब्दले कार्यपालिकाले तोकेकोलाई समेत जनाउने छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ । सो शब्दले प्रमुख प्रशासकीय अधिकृत भई काम गर्न तोकिएको कर्मचारीलाई समेत जनाउनेछ ।

(ट) **"प्रवर्द्धक"** भन्नाले कुनै आयोजनाको अनुमतिपत्रको लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेका व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(ठ) **"वडा"** भन्नाले सिलीचोङ गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

(ड) **"विभाग"** भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ ।

३. **अनुमतिपत्र सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्र विद्युत आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारणको अनुमतिपत्र यस ऐन बमोजिम कार्यपालिकाले प्रदान गर्नेछ ।

(२) कुनै विद्युत् आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारण गर्न चाहने प्रवर्द्धकले तोकिएको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनु अघि अनुमतिपत्र प्राप्त गरी विद्युत आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारणको कार्य गर्दै आएका प्रवर्द्धकले पनि यो ऐन बमोजिम पुनःअनुमतिपत्र लिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रवर्द्धकले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यो ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम दर्ता भई गाउँपालिकाको क्षेत्रभित्र विद्युत आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारणको कार्य गर्दै आएका प्रवर्द्धकले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र गाउँपालिकामा सूचिकृत भई सक्नु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त गर्न तथा सूचिकृत हुनका लागि अनुमतिपत्र तथा सूचिकृत दस्तुर तिर्नु /बुझाउनु पर्नेछ ।

(७) अनुमतिपत्र माग गर्दा वा सूचिकृत गर्दा सम्बन्धित प्रवर्द्धक कम्पनीले वा फर्म वा निकायले देहाय बमोजिमका कागजातहरू संलग्न राखी निवेदन पेश गर्नु पर्नेछः-

(क) संस्था दर्ता प्रमाणपत्र,

(ख) प्रवन्धपत्र र नियमावली,

(ग) कर चुक्ता प्रमाणपत्र,

(घ) सञ्चालक समितिको निर्णय तथा निवेदन,

(ङ) विस्तृत परियोजना प्रतिवेदन (DPR) वा सम्भाव्यता अध्ययन प्रतिवेदन,

(च) वित्तीय स्रोतको सुनिश्चितता,

(छ) वातावरणीय प्रतिवेदन,

(ज) जग्गा सम्बन्धी कागजात,

(झ) जलस्रोत उपयोग सम्बन्धी सहमति (जलविद्युतको हकमा),

(ञ) योजनाको पावर हाउस, इन्टेक (बाँध), ट्रान्सफर्मर र वितरण लाइन (पोलहरू) रहने क्षेत्र खुलाइएको नक्शा,

(ट) प्रवर्द्धकको तर्फबाट गाउँपालिकामा सम्पर्क र हस्ताक्षर गर्न तोकिएको आधिकारिक प्रतिनिधिको पत्र र नागरिकताको प्रतिलिपि ।

(८) अनुमतिपत्र तथा सूचिकृत दस्तुरको दर र अन्य दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

४. **<u>जलविद्युत आयोजनाको जडित क्षमता निर्धारण</u>** : (१) जलविद्युत् आयोजनाको जडित क्षमता निर्धारण गर्दा यस दफा बमोजिमको आधार र तरिका बमोजिम गरिनेछ ।

(२) अनुमतिपत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको प्रोब्याबिलिटी अफ एक्सिडेन्स (Probability of Exceedance) र Q 45 (क्यू फोर्टी फाइभ) लाई सामान्यतया आधार बनाइनेछ ।

(३) प्रवर्द्धकले पेश गरेको हाईड्रोलोजिकल तथ्याङ्क कार्यालयमा उपलब्ध आधिकारिक तथ्याङ्कसँग तात्विक रुपमा फरक परेको पाईएमा कार्यालयमा उपलब्ध तथ्याङ्कलाई आधार मानी सम्बन्धित आयोजनाको जडित क्षमता निर्धारण गरिनेछ ।

(४) यस दफा बमोजिम आयोजनाको जडित क्षमता निर्धारण गर्दा कार्यालयले जलस्रोतको उपयोग, विद्युत् बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफललाई समेत आधार मानी अनुसूची १ मा निर्दिष्ट गरेको विधि अनुसार क्षमता निर्धारण गर्नेछ ।

५. **प्रवर्द्धकले पेस गर्नुपर्ने कागजातहरू** : (१) प्रवर्द्धकले प्रास्तावित आयोजना निर्माण, उत्पादन, सन्चालन र प्राशारण गर्न सक्ने आफ्नो आर्थिक क्षमता वा हैसियत अनुमतिको लागि निवेदन दिँदाका बखतमा नै प्रस्तुत गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि प्रवर्द्धकले दर्तावाल चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तीमा रु. दश लाख बराबरको खुद सम्पत्ति रहेको विवरण पेस गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकभन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेको हकमा कार्यालयले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता देखिने कागजात समेत पेस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अतिरिक्त आर्थिक क्षमता देखिने कागजात माग गर्दा प्रत्येक आयोजनाको लागि उपदफा (२) बमोजिमको रकम भन्दा बढी हुनेगरी माग गरिने छैन ।

(५) प्रवर्द्धकले प्रास्तावित आयोजना निवेदनसाथ प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदाता संस्थासँगको सम्झौतापत्र, परामर्शदाता संस्थाको प्रमाणपत्र, स्थायी लेखा नम्वरको प्रमाणपत्र एवं प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

६. **दरखास्त उपर कारबाही सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले रितपूर्वक दर्ता भएको पहिलो दरखास्तलाई कारबाहीको क्रममा पहिलो प्राथमिकता दिनेछ ।

(२) कार्यालयमा परेको दरखास्त उपदफा यस ऐन बमोजिम चेक जाँच गर्दा ऐनले निर्धारण गरेका तथा तोकिए बमोजिमका अन्य आवश्यक कागजात तथा विवरणहरु प्राप्त नभएसम्म त्यस्ता दर्खास्त उपर कारबाही अगाडि बढाइने छैन ।

(३) प्रवर्द्धकको तर्फबाट पेस गर्नु पर्ने सम्पूर्ण कागजात तथा विवरणहरु पेश भएको १५ (पन्ध्र) दिनभित्र अनुमतिपत्र प्रदान गरिनेछ ।

७. **सर्वेक्षण तथा अन्य अनुमतिपत्रको अवधि** : (१) विद्युत उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण अनुमतिपत्रको अवधि अधिकतम ३ (तीन) वर्षको हुनेछ ।

(२) प्रवर्द्धकलाई पहिलो पटक सर्वेक्षणको अनुमतिपत्र जारी गर्दा २ (दुई) वर्षको अवधिभन्दा कम हुने गरी जारी गरिने छैन ।

(३) प्रवर्द्धकलाई विस्तृत परियोजना प्रस्तावमा आयोजना निर्माणका लागि लाग्ने अवधि भनि उल्लेख भएको अवधिभन्दा कम हुने गरी निर्माण अवधि जारी गरिने छैन ।

(४) प्रवर्द्धकलाई पहिलो पटक उत्पादन तथा प्रसारणको अनुमतिपत्र जारी गर्दा २० (बिस) वर्षको अवधिभन्दा कम हुने गरी जारी गरिने छैन ।

(५) उपदफा (२) बमोजिमको अवधिभित्र सर्वेक्षणको कार्य सम्पन्न नभएको अवस्थामा बहाल म्याद भित्रै प्रवर्द्धकले अर्को १ (एक) वर्षको नवीकरणको लागि दरखास्त दिएमा सो अनुसार नवीकरण गर्न सकिनेछ ।

(६) उपदफा (३) बमोजिमको अवधि भित्र आयोजनाको निर्माण कार्य सम्पन्न नभएको अवस्थामा बहाल म्याद भित्रै प्रवर्द्धकले अर्को २ (दुई) वर्षको नवीकरणको लागि दरखास्त दिएमा सो अनुसार नवीकरण गर्न सकिनेछ ।

(७) उपदफा (४) बमोजिमको अवधि भित्र उत्पादन र प्रसारण गर्दा लाभ लागत अनुपातमा प्रवर्द्धकलाई नोक्सानी हुने लेखा परिक्षण प्रतिवेदन सहित बहाल म्याद भित्रै प्रवर्द्धकले बढीमा अर्को १० (दश) वर्षको नवीकरणको लागि दरखास्त दिएमा सो अनुसार नवीकरण गर्न सकिनेछ ।

(८) अनुमतिपत्रको नवीकरणको लागि म्याद समाप्त हुनु अगावै कार्यालयमा दरखास्त नपरेमा अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(९) अनुमतिपत्र नवीकरण तथा म्याद थपको लागि विवरण पेस गर्ने ढाँचा तोकिए बमोजिम हुनेछ ।

८. <u>**सर्वेक्षण तथा अन्य अनुमतिपत्रको नवीकरण सम्वन्धी व्यवस्था**</u> : (१) नवीकरणको लागि अनुमतिपत्रको म्याद कायमै रहँदै आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर सहित निवेदन पेस गर्नु पर्नेछ ।

(२) अनुमतिपत्रको लागि दरखास्त दिँदा तोकिए बमोजिमको फारम भरी अन्य अवाश्यक फारामहरु तथा विगतमा पेस गरेको कार्यतालिका अनुसारको कार्य प्रगति प्रतिवेदन समेत पेस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको कार्यतालिका अनुसार निर्धारित कार्यहरु तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेकोमा सोको कारण र औचित्य समेत उल्लेख गर्नु पर्नेछ ।

(४) अनुमतिपत्रको नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिनेछ ।

(५) प्रवर्द्धकले पेश गरेको कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यालयले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकबाट थप पुष्टाई लिन वा कार्यालयले आफ्नो मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गराउन सक्नेछ ।

(६) आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्रको नवीकरण गरिने छैन ।

(७) प्रवर्द्धकको माग, आवश्यकता र औचित्यताका आधारमा एकै पटक विद्युत् उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(८) यस दफा बमोजिम नवीकरण गर्दा आर्थिक ऐनमा तोकिए बमोजिम दस्तुर तिर्नु बुझाउनु पर्नेछ ।

९. **एक हजार किलो वाटसम्मको क्षमताका आयोजनाको अनुमति** : (१) एक हजार किलो वाटसम्मको क्षमताको कुनै विद्युत् आयोजनाको निर्माण गर्न चाहने प्रवर्द्धकले विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त गर्न सर्वेक्षण अनुमतिपत्र बहाल रहेको अवधि भित्रै देहाय बमोजिमको कागजातहरु सहित तोकिएको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनुपर्नेछः-

(क) विद्युत् उत्पादनको अनुमतिपत्रको लागि दरखास्तसाथ आर्थिक ऐनमा तोकिएको / दुई लाख पचास हजार रूपैयाँ अनुमतिपत्र दस्तुर बुझाएको भौचर,

(ख) दफा ५ बमोजिमको वित्तीय व्यवस्था सम्बन्धी विवरण,

(ग) घर जग्गाको उपयोग वा परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीहरुको लगत,

(घ) आवश्यकतानुसार स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन,

(ङ) बहाल रहेको विद्युत् खरिद बिक्रीको सम्झौता वा कनेक्शन एग्रिमेन्ट,

(च) ग्रीडमा आबद्ध नगरी ग्रामिण विद्युतीकरण गर्ने भएमा विद्युतीकरण हुने क्षेत्र तथा ग्राहकको विवरण,

(छ) आयोजना क्षेत्रको प्रमुख संरचनाको रेखाङ्कन तथा कोओर्डीनेट सहितको सक्कल फोटो नक्शा,

(ज) निर्माण कार्यको विस्तृत तालिका,

(झ) आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइन र डिजाइन नक्साहरु तथा सोको विद्युतीय प्रति,

(ञ) अद्यावधिक शेयर लगतको विवरण र सोको विद्युतीय प्रति,

(ट) गाउँपालिकाले तोकिदिएका अन्य विवरण ।

(२) वित्तीय व्यवस्था सम्बन्धी देहाय अनुसारको कागजात र विवरण दरखास्त साथ पेस गर्नु पर्नेछः-

(क) आयोजनामा हुने स्वपूँजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी वा विवरण,

(ख) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण,

(ग) आयोजनाको स्वपूँजी बराबरको कम्पनीको नेटवर्थ वा सोही बराबरको शेयर धनीहरुको स्वपूंजी लगानी गर्ने क्षमता पुष्टि हुने बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित कागजातका साथै बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण,

(घ) शेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ङ) आयोजनामा प्रत्यक्ष रुपमा सहभागी हुने वित्तीय संस्थाहरूसँग को ऋण सम्झौता वा ती संस्थाहरूबाट पेस भएको लगानी गर्ने प्रतिबद्धता,

(च) गाउँपालिकाले तोकिदिएको अन्य आवश्यक कागजात वा विवरण ।

(३) प्रवर्द्धक कम्पनीसँग सम्बन्धित देहाय अनुसारको कागजात तथा विवरण दरखास्तसाथ पेश गर्नु पर्नेछः-

(क) कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,

(ख) स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्र,

(ग) कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख,

(घ) अघिल्ला दुई आर्थिक वर्षमध्ये एक आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र अथवा कर दाखिला गरेको प्रमाण,

(ङ) उद्योग दर्ताको प्रमाणपत्र, वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत,

(च) गाउँपालिकाले तोकिदिएको अन्य आवश्यक कागजात वा विवरण ।

(४) विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्रमा कायम रहेको जडित क्षमता नै विद्युत् उत्पादनको अनुमतिपत्रमा कायम गरिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि हाइड्रोलोजी तथा पावर इभ्याकुएसन लगायतका कारणले फरक क्षमताको लागि विद्युत खरिद बिक्री सम्झौता वा जडान सम्झौता भएको अवस्थामा संशोधित सम्भाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यकता अनुसार संशोधित स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएपश्चात् सोही क्षमताको लागि विद्युत् उत्पादनको अनुमतिपत्रको कारबाही अघि बढाइने छ ।

(६) उपदफा (५) बमोजिम कारबाही गर्दा आयोजनाको क्षमता एक मेगावाट भन्दा बढी हुने देखिएमा उक्त दरखास्तको कारबाहीका लागि विभागमा पठाईनेछ ।

(७) विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएकै प्रवर्द्धकको नाममा विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरिनेछ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिको नाममा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको र निजले आफू समेत संलग्न रहेको कम्पनीको नाममा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्न माग गरेमा त्यस्तो कम्पनीको नाममा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(९) विद्युत उत्पादनको अनुमतिपत्र जारी भएको मितिले १ (एक) वर्षभित्र निर्माण कार्य सुरु नभएको पाइएमा उत्पादनको अनुमतिपत्र रद्द गर्न सकिनेछ ।

(१०) विद्युत उत्पादनको अनुमतिपत्रको अवधि ३० (तीस) वर्ष रहनेछ ।

(११) उपदफा (१०) बमोजिमको अवधि समाप्त भएपछि आयोजना चालु अवस्थामा सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(१२) प्रचलित कानून बमोजिम गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारलाई बुझाउनु पर्ने रोयल्टी रकम प्रवर्द्धकले नियमित रूपमा गाउँपालिकामा बुझाउनु पर्नेछ ।

१०. **<u>अनुमतिपत्र जारी गर्ने</u>** : (१) दफा ९ बमोजिमको आयोजनाको अनुमति कार्यपालिकाको निर्णय अनुसार अध्यक्षले प्रदान गर्नेछ ।

(२) अनुमति प्रदान गर्ने वा नगर्ने सम्बन्धी आधार, मापदण्ड र शर्तहरू यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएकोमा तोकिए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम अनुमति जारी गर्नु पूर्व अध्यक्षले कार्यपालिकाको विद्युत सम्बन्धी विषय हेर्ने समितिको संयोजकको अध्यक्षतामा तीन सदस्यीय एक जाँचबुझ समिति गठन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गठित समितिले गठन भएको मितिले १५ (पन्ध्र) दिनभित्र जाँचबुझ सम्पन्न गरी अध्यक्ष समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन अध्यक्षले कार्यपालिका समक्ष पेस गरी अनुमति दिने वा नदिने सम्बन्धमा कार्यपालिकाबाट निर्णय गर्नु गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिम गठित समितिको सेवा सर्त, सुविधा गठन हुँदाका बखत तोकिएबमोजिम हुनेछ ।

११. **<u>अनुमति रद्द हुने अवस्था</u>** : (१) गाउँपालिकाले दिएको अनुमति बमोजिम काम नगरेमा वा एक वर्षभित्र निर्माण कार्य सुरु नगरेमा वा बुझाउनुपर्ने रोयल्टी नबुझाएमा वा अनुमति प्रदान गर्दा उपलब्ध

गराइएको शर्तको उल्लंघन गरेमा वा प्रचलित कानूनको उल्लंघन गरेमा अनुमतिपत्र रद्द गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द गर्नु अघि त्यस्तो आयोजनालाई आफ्नो स्पष्टीकरण पेस गर्ने उचित अवसर प्रदान गर्नुपर्नेछ।

१२. **<u>आयोजनाको क्षमता एवं क्षेत्र निर्धारण</u>** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र माग गरी पेस गरेको दरखास्तसाथ माग भएको क्षेत्रमा आयोजनाको क्षमता, आयोजनाको प्रस्ताव गरी विभागमा कुनै दरखास्त परे नपरेको वा केन्द्रीय स्तरमा कुनै आयोजना पहिचान भए नभएको यकिन गर्नका लागि कार्यालयले माग गरेको क्षेत्र खुलाई प्राविधिक स्वीकृति (क्लियरेन्स) का लागि सो सम्बन्धमा विभागको राय लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम राय माग गरिएकोमा विभागले आयोजनाको प्राविधिक क्लियरेन्स सम्बन्धमा दिएको राय एवं निर्देशानुसार मात्र कार्यपालिकाले अनुमतिपत्र सम्बन्धी कारबाही अघि बढाउनेछ ।

(३) कार्यपालिकाले अनुमति प्रदान गर्ने सम्बन्धमा थप राय लिन आवश्यक ठानेमा प्राविधिक सहयोगका लागि विभागमा अनुरोध गर्न सक्नेछ ।

(४) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा वातावरणीय परीक्षण प्रतिवेदन तयारी तथा स्वीकृत गर्ने क्रममा संघ सरकार, प्रदेश सरकार र विद्युत विकास नियमन गर्ने निकायबाट आवश्यक प्राविधिक सहयोग लिन सकिनेछ ।

१३. **<u>वातावरणीय तथा सामाजिक दायित्व</u>**: (१) आयोजना सञ्चालन गर्ने प्रवर्द्धक कम्पनीले EIA/IEE तथा वातावरणीय संरक्षण सम्बन्धी कानूनी प्रावधानको पालना गर्नुपर्नेछ।

(२) प्रवर्द्धक कम्पनीले प्रभावित समुदायसँग परामर्श गरी सामाजिक उत्तरदायित्व कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१४. **<u>सुरक्षा व्यवस्था मिलाउनु पर्ने</u>**: (१) आयोजना सञ्चालन गर्दा प्रवर्द्धक कम्पनीले देहाय बमोजिमको आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्नेछः-

(क) निर्माण स्थलको सुरक्षा,

(ख) उपकरणको संरक्षण,

(ग) श्रमिकको सुरक्षा मापदण्ड,

(घ) दुर्घटना रोकथाम तथा जोखिम न्यूनीकरणपूर्ण रूपमा पालना गर्नुपर्ने,

(ङ) तोकिए बमोजिमका अन्य व्यवस्था गर्नु पर्नेछ ।

१५. **स्थानीय लाभ सुनिश्चित गर्नुपर्ने**: (१) आयोजना सञ्चालन गर्दा प्रवर्द्धकले कम्पनीले देहाय अनुसारको स्थानीय लाभ सुनिश्चित गर्नु पर्नेछः-

(क) स्थानीय रोजगारलाई प्राथमिकता दिने,

(ख) स्थानीय पूर्वाधार विकासमा सहयोग पुऱ्याउने,

(ग) प्रभावित परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्ने,

(घ) तोकिए बमोजिमका अन्य व्यवस्था मिलाउनु पर्नेछ।

१६. **अनुगमन**: (१) गाउँपालिकाले आयोजनाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्न सक्नेछ।

(२) गाउँपालिकाले आवश्यकताअनुसार अनुगमनको कार्यमा प्राविधिक विज्ञको सहायता लिन सक्नेछ ।

१७. **प्रतिवेदन** : प्रवर्द्धक कम्पनीले हरेक छ महिनामा गरेको प्रगतिको प्रतिवेदन गाउँपालिकामा पेस गर्नुपर्नेछ।

१८. **अभिलेख राख्ने दायित्व** : प्राविधिक, आर्थिक, श्रमिक, वातावरणीय तथा सुरक्षा अभिलेख व्यवस्थित राख्नुपर्ने दायित्व प्रवर्द्धक कम्पनीको हुनेछ।

१९. **क्षतिपूर्ति** : आयोजना सञ्चालनका क्रममा स्थानीय जनतालाई हानि-नोक्सानी पुगेमा प्रवर्द्धक कम्पनीले उचित क्षतिपूर्ति दिनुपर्नेछ ।

२०. **कसुर र सजाय**: (१) दफा ३ बमोजिम अनुमतिपत्र लिनु पर्नेमा त्यस्तो अनुमतिपत्र नलिई विद्युत आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारणको कार्य गरे गराएमा अनुमति लिँदा लाग्ने दस्तुर र सो बराबरको थप रकम जरिवाना हुनेछ ।

(२) दफा ३ बमोजिम विद्युत आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारणको कार्य गर्ने प्रवर्द्धक सूचिकृत गर्नु पर्नेमा गाउँपालिकामा सूचिकृत नगरी विद्युत आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारणको कार्य गरे गराएमा सूचिकृत गर्दा लाग्ने दस्तुर र सो बराबरको थप रकम जरिवाना हुनेछ ।

(३) दफा ७ बमोजिमको अवधिभित्र कार्य सम्पन्न हुन नसकी उपदफा (८) बमोजिम अनुमतिपत्र स्वतः रद्द भएकोमा त्यस्तो अनुमतिपत्रकै आधारमा विद्युत आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारणको कार्य निरन्तर सञ्चालन गरेमा अनुमतिपत्र प्राप्त गर्न लाग्ने दस्तुरको दोब्बर बराबरको रकम जरिवाना गरी त्यस्तो आयोजना बन्द गरिनेछ ।

(४) दफा १४ बमोजिमको वातावरणीय तथा सामाजिक दायित्व पूरा नगरेमा त्यस्तो कार्यबाट पुगेको क्षति वा प्रभावको अवस्था र प्रकृति हेरी त्यस्तो क्षति बराबर बिगो र पचास हजार रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

(५) दफा १५ बमोजिम सुरक्षा व्यवस्था मिलाउनु पर्नेमा त्यस्तो सुरक्षा व्यवस्था नमिलाएमा पहिलो पटक पचास हजार रूपैयाँ जरिवाना गरी तत्काल सुरक्षा व्यवस्था मिलाउन लगाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको कार्य पुनः दोहोऱ्याएमा एक लाख रूपैयाँ जरिवाना गरी तत्काल सुरक्षा व्यवस्था मिलाउन लगाउनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिमको कार्य तीन पटक भन्दा बढी दोहोऱ्याएमा तीन लाख रूपैयाँ जरिवाना गरी त्यस्तो आयोजनाको कार्य बन्द गराउन सकिनेछ।

(८) दफा १५ बमोजिम सुरक्षा व्यवस्था मिलाउनु पर्नेमा त्यस्तो सुरक्षा व्यवस्था नमिलाएको कारणबाट कसैलाई कुनै क्षति हुन गएको रहेछ भने त्यस्तो क्षति बराबर बिगो भराइ बिगो बराबर जरिवाना हुनेछ ।

(९) दफा १६ बमोजिम स्थानीय लाभ सुनिश्चित गर्नु पर्नेमा त्यसो नगरेमा स्थानीय लाभ सुनिश्चित गर्न आदेश जारी गर्न सकिनेछ।

(१०) उपदफा (९) बमोजिमको आदेश पालना गर्नु सम्बन्धित प्रवर्द्धकको कर्तव्य हुनेछ ।

(११) उपदफा (९) बमोजिमको आदेश उपदफा (१०) बमोजिम पालना नगरेमा पचास हजार रूपैयाँ सम्म जरिवाना हुनेछ ।

(१२) दफा १९ बमोजिमको अभिलेख नराखेमा पच्चीस हाजर रूपैयाँ सम्म जरिवाना हुनेछ ।

(१३) दफा २० बमोजिम क्षतिपूर्ति दिनु परेमा त्यस्तो क्षतिपूर्ति नदिएमा क्षतिको बिगो भराई बिगो बराबरको रकम जरिवाना हुनेछ ।

(१४) यस दफा बमोजिम हुने सजाय गर्ने अधिकार अध्यक्षमा रहनेछ ।

सरकारी बाँकी सरह असुल उपर गरिने

२१. **<u>जरिवाना गर्दा अपनाउनु पर्ने कार्यविधि</u>** : (१) यस ऐन बमोजिम अध्यक्षले जरिवाना गर्नुपरेमा न्यायिक समितिले प्रयोग गर्ने ढाँचामा आदेश पर्चा खडा गरी सोको एक प्रति सम्बन्धित संस्था वा व्यक्तिलाई बुझाई सोको भरपाई गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवानाको रकम निर्धारण गर्दा सम्बन्धित संस्था वा व्यक्तिले गरेको कसुरको प्रकृति, त्यसको मात्रा, त्यसबाट पर्न सक्ने प्रतिकूल प्रभाव समेतको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिबानाको आदेश दिंदा जरिवानाको रकम त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित संस्था वा व्यवसाय सञ्चालक वा व्यक्तिले बुझ्न इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा प्रहरीको सहयोगमा त्यस्तो जरिवानाको आदेश बुझाउन सकिनेछ ।

(५) अध्यक्षले आफूले गरेको जरिवाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

२२. **सजाय सम्बन्धी व्यवस्था** : कसैले यस ऐन बमोजिम कसुर गरेकोमा उक्त कसुर प्रचलित अन्य कानून बमोजिम सजाय हुने रहेछ भने सो बमोजिम मुद्दा चलाउन र सजाय गर्न यस ऐनको प्रावधानले बाधा पुऱ्याएको मानिने छैन।

२३. **उजुरी दिन सक्ने** : (१) यस ऐन वा प्रचलित कानून विपरीत कुनै संस्था वा व्यवसाय वा व्यक्तिले कुनै कसुर गरे गराएमा जो कोही नेपाली नागरिकले गाउँपालिका वा कार्यालय, वडा समिति, अनुगमन समिति वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाई वा डेस्कमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले लिखित सूचना वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा सजाय गर्ने अधिकारीले एक आपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा संस्था वा व्यवसाय वा व्यक्तिले यस ऐनको विपरीत क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाइनेछ।

२४. **सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्ने** : (१) यस ऐन बमोजिम अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको वा भइरहेको वा हुन सक्ने सम्भावना देखिएमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानबिन र अनुसन्धानका लागि लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाएको विषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले जानकारी गराउनु पर्नेछ।

२५. **विवाद समाधान** : आयोजना, प्रवर्द्धक कम्पनी र स्थानीय समुदायबीच विवाद उत्पन्न भएमा गाउँपालिकाले मध्यस्थता वा सम्झौतामा उल्लेख भएको प्रक्रिया मार्फत विवादको समाधान गर्न सक्नेछ।

२६. **अन्तर स्थानीय तह समन्वय** : (१) एक भन्दा बढी गाउँपालिकाको क्षेत्रभित्र पर्ने आयोजनाको अनुमति प्रदान गर्ने कार्य गर्दा सम्बन्धित सबै स्थानीय तहको कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमोदनका लागि अध्यक्षले समन्वयकर्ताको रूपमा कार्य गर्नु गराउनु पर्नेछ ।

२७. **पुनरावेदन** : (१) यस ऐन बमोजिम तोकिएको अधिकारीले गरेको निर्णय वा आदेशमा चित्त नबुझ्ने व्यक्तिले निर्णय वा आदेश भएको सूचना पाएको मितिले पैंतीस दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) यस ऐन बमोजिम जरिवाना गर्ने निर्णय भएकोमा त्यस्तो जरिवाना भुक्तान नगरी वा सो बराबरको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा नगरी पुनरावेदनको निवेदन दर्ता हुने छैन ।

२८. **नियम बनाउन सक्ने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२९. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

३०. **खारेजी र बचाऊ** : (१) स्थानीय ऊर्जा विकास सम्बन्धी कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) एक मेगावाट सम्मको जलविद्युत अनुमतिपत्र उपलब्ध गराउने गरी गाउँपालिकाबाट यसअघि सम्पादन भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) यसअघि भएका उपदफा (२) बाहेकका अन्य ठूला आयोजनासँग सम्बन्धित कार्य समेत यस ऐन बमोजिम नै भए गरेको मानिनेछ।

(४) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।